# सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४

**नगरकार्यपालिकाबाट स्वीकृत मिति : २०७४ चैत्र०२ गते**

**प्रस्तावना :**

धनगढीमाई नगरपालिका सीमित श्रोत साधनका साथै कार्यबोझ, अधिकार र दायित्वका तुलनामा जनशक्ति अत्यन्त न्यून रहेको विद्यमान अवस्थामा नगरपालिकाको प्रथम नगर सभाबाट पारित नीति तथा कार्यक्रमबाट स्वीकृत अस्थायी दरवन्दी एवं नगर कार्यपालिकाको मिति २०७४ पौष २६ को बैठकको निर्णयनुसार सेवा करारमा कर्मचारी छनौट गर्न गठित समितिको कामलाई व्यवस्थित रुपमा सम्पादन गर्न समितिले नगरपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवालाई छिटो, छरितो तथा प्रभावकारी एवं गुणस्तरीय बनाउनका लागि सेवा करार प्रकृतिका पदमा आवश्यक पर्ने कर्मचारीहरु नियुक्ति गर्ने प्रक्रियालाई व्यवस्थित र छरितो बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"सेवा करार प्रकृतिका पद"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ दफा (८) का पदहरु (नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकिदार/पाले, माली, बगैंचे र सरसफाइ सम्बन्धी कार्य गर्ने पद एवं कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटर समेतलाई सम्झनु पर्छ ।

(ख) **"अन्य पद"** भन्नाले नगरपालिका र यस अन्तर्गतका विषयगत कार्यालयहरुमा नेपाल सरकारका विविध निकायबाट समय समयमा प्राप्त निर्देशानुसार वा अन्य संस्थाबाट सेवा सुविधाको सुनिश्चितता सहित करार सेवामा लिनुपर्ने वा सशर्त अनुदानबाट बजेट वा सेवा सुविधा सुनिश्चितता सहित नगर कार्यपालिकाले अत्यावश्यक ठहर गरी सेवा करार लिने निर्णय गरे अनुसार नगर क्षेत्र भित्रका स्वास्थय चौकीहरु समेतका पदलाई सम्झनु पर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले धनगढीमाई नगरकार्यपालिका सम्झनु पर्छ ।

(घ) **"उप-प्रमुख"** भन्नाले नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

(ङ) **"समिति"** भन्नाले सेवा करारमा लिइने कर्मचारी छनौटका लागि गठित छनौट तथा सिफारिस समिति सम्झनु पर्छ ।

(च) **"परीक्षा"** भन्नाले सेवा करारमा कर्मचारी छनौटका लागि समितिको निर्णयबाट सञ्चालन गरिने देहाय बमोजिमको प्रतियोगितात्मक परीक्षा सम्झनु पर्दछ ।

१. लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता,

२. प्रयोगात्मक तथा अन्तरवार्ता

३. अन्तरवार्ता

साथै, लिखित परीक्षा भन्नाले विषयगत, वस्तुगत वा दुवै सम्झनु पर्छ ।

(छ) **"विषयगत कार्यालय"** भन्नाले नगरपालिका मातहतको विषयगत कार्यालय सम्झनुपर्छ र सो शब्दले नगरपालिका मातहतका विषयगत शाखा समेतलाई बुझाँउछ ।

(ज) **"छनौट तथा सिफारिस समिति"** भन्नाले दफा ४ अनुसार नगर कार्यपालिकाबाट गठित समिति सम्झनु पर्छ ।

(झ) **"अन्तरवार्ता समिति"**समितिले गठन गरेको अन्तरवार्ता समिति सम्झनु पर्छ ।

३. **कार्यविधि उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकाको कार्यालय, विषयगत कार्यालयहरु र वडा कार्यालयहरुमा सेवा प्रवाहलाई पारदर्शी प्रभावकारी, चुस्त एवम् उत्तरदायी बनाउन सघाउ पुऱ्याउन सेवा करारमा कर्मचारीनियुक्तिका लागि छनौत तथा सिफारिश गर्न परीक्षाहरु सञ्चालन गर्ने।

(ख) कर्मचारी दरबन्दी रिक्त भई अवरुद्ध भएका नगर कार्यपालिकाको कार्यालय, विषयगत कार्यालयहरु तथा वडा कार्यालहरुको कामकाज सुचारु बनाउन सघाउ पुऱ्याउने,

(ग) संक्रमणकालीन व्यवस्थाको रुपमा नगर कार्यपालिकाको कार्यालय विषयगत कार्यालय तथा वडा कार्यालहरुमा कर्मचारी व्यवस्थापनलाई सुदृढ बनाउने,

(घ) नगर कार्यपालिकाको कार्यालयबाट लिइने कर्मचारी भर्ना प्रक्रियालाई व्यवस्थित गर्न सघाउ पुऱ्याउने ।

## परिच्छेद - २
## छनौट तथा सिफारिस समिति

४. **समितिको गठन : नगर कार्यपालिकाको मिति २०७४ पौष २६ गतेको निर्णयानुसार** सेवा करार प्रकृतिका पद वा अन्य पदमा कर्मचारी छनोट गर्नका लागि देहाय बमोजिमको पदाधिकारीहरु रहने गरी गठित ३ सदस्यीय एक छनौट तथा सिफारिस समिति बुझिनेछ ।

(क) उप-प्रमुख श्री फुलकुमारी श्रेष्ठ — संयोजक

(ख) विधेयक समितिका संयोजक/वडा अध्यक्ष वडा नं. २ श्री तारणीप्रसाद चौधरी — सदस्य

(ग) ईञ्जिनीयर श्री शम्भुकमार यादव — सदस्य सचिव

५. **समितिको काम कर्तव्य र अधिकार :** छनौट तथा सिफारिस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगर कार्यपालिको निर्णयानुसार, तोकिएका पद र तोकिएका संख्यामा, सेवा करारको लागि प्रतियोगितात्मक परीक्षा सञ्चालनका लागि विज्ञापन गर्ने, परीक्षा मिति तोक्ने ।

(ख) विज्ञापनमा तोकिएको योग्यता पुगेका उम्मेदवारहरुलाई आवश्यकता अनुसार लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता, प्रयोगात्मक तथा अन्तरवार्ता वा अन्तरवर्ता परीक्षा सञ्चालन गर्ने ।

(ग) परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरु मध्ये योग्यताक्रम सूची प्रकाशित गर्ने । मूख्य उम्मेदवार र वैकल्पिक उम्मेदवारको सिफारिस गर्ने ।

(घ) समितिको समयावधि कार्यपालिकाले तोके अनुसार हुनेछ ।

## परिच्छेद - ३
## संक्षिप्त कार्यसूचि प्रकाशन, परीक्षा, अर्न्तवार्ता तथा सिफारिस सम्बन्धी व्यवस्था

६. **उम्मेदवारको अंकभार सम्बन्धी विशेष व्यवस्था :**

(क) दफा ४ बमोजिम गठित समितिले दरखास्त दिने उम्मेदवारहरुको शैक्षिक योग्यता, कार्य अनुभव, तालिम, स्थायी ठेगाना तथा सरकारी निकायमा कार्य गरेको अनुभव समेतका सूचकहरुका आधारमा विभिन्न पदका उम्मेदवारलाई अंक भार दिनेछ ।

(ख) उपदफा (क) बमोजिमका आधारमा दिइने अंकभार ६० पूर्णाङ्कको हुनेछ ।

(ग) **"अन्य पद"** का उम्मेदवारको हकमा अनुसूची-४ बमोजिमको ढाँचामा फाराम भरी उम्मेदवारको अंकभार गणना गरिनेछ ।

(घ) **"सेवा करार"** प्रकृतिका पदका उम्मेदवारको हकमा अनुसूची-५ बमोजिमको ढाँचाको फाराम भरी उम्मेदवारको अंकभार गणना गरिनेछ ।

(ङ) उपदफा (ग) र (घ) बमोजिम अंकभार गणना गरी संक्षिप्त सूचिको हकमा कम्तीमा ३० अंक प्राप्त गर्नेउम्मेदवारहरुको मात्र संक्षिप्त सूचि प्रकाशन गरिनेछ । लिखित तथा प्रतियोगितात्मक तथा अन्तरवार्ताको अंकभार सोही अनुसूचिमा उल्लेख भए अनुसार हुनेछ ।

## ७. परीक्षा सम्बन्धी व्यवस्था :

(क) छनौट तथा सिफारिस समितिले दफा ५ (क) अनुसार, विज्ञापन प्रकाशन गर्नेछ ।

(ख) खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि प्रचलित कानुनी व्यवस्थामा प्रतिकुल नहुने गरी उम्मेदवारको योग्यता सम्बन्धी व्यवस्था खुलाएर विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

(ग) प्रतियोगितात्मक परीक्षाद्धारा पदपूर्ति गरिने पदका लागि दरखास्त फारामको ढाँचा अनुसुची- १ र प्रवेश-पत्र अनुसुची-२ बमोजिम हुनेछ ।

(घ) स्वीकृत तथा अस्वीकृत भएका दरखास्तहरुको सम्बन्धमा दरखास्त फाराम बुझाउने म्याद समाप्त भए पश्चात् सम्बन्धित उम्मेदवारलाई सार्वजनिक सूचना प्रकाशन गरी परीक्षा सम्बन्धी समय तालिका सूचित गर्नुपर्नेछ । सोही सूचनामा स्वीकृत आवेदकहरुको रोल नं. एवम् परीक्षा केन्द्र प्रकाशन गर्नुपर्नेछ ।

(ङ) समितिले दरखास्त दिने उम्मेदवारको योग्यता, अनुभव र स्थानीयता समेतको अंक गणना गरेर दफा ११ अनुसार अंकभार निर्धारण र गणना गरी संक्षिप्त सुचि प्रकाशन गर्नेछ ।

(च) नगर प्रहरीको हकमा संक्षिप्त सूचिमा सफल उम्मेदवारहरुको शारीरिक र स्वस्थ्य परीक्षण गरी दुबै परीक्षणबाट उतीर्ण उम्मेदवारहरुलाई मात्र त्यस पछिका परीक्षाहरुमा सम्मिलित गराईनेछ ।

(छ) संक्षिप्त कार्यसूचिमा नाम समावेश भएका उम्मेदवारहरुमात्र लिखित, प्रयोगात्मक र अन्तरवार्तामा सम्मिलित हुन पाउनेछन् ।

## ८. प्रश्न पत्र निर्माण र परीक्षा सञ्चालन :

(क) छनौट तथा सिफारिस समितिले पदपूर्ति गरिने पदको प्रकृति अनुसार परीक्षा नेपाल सरकारको बहालवाला वा सेवा निवृत्त अधिकृत स्तरको व्यक्तिसँग समन्वय गरी प्रश्न निर्माण र परिमार्जन गर्नेछ । परिमार्जन भएका प्रश्नहरुको सिलबन्दी गरी भण्डारण गर्ने कर्तव्य समितिको संयोजक वा निजले तोकेको पदाधिकारीको हुनेछ । परीक्षा अगाडि प्रश्नपत्रको गोपनियता राख्नु सबैको कर्तव्य हुनेछ ।

(ख) तोकिएको मिति, समय र स्थानमा परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

(ग) लिखित परीक्षाको केन्द्राध्यक्ष समितिका संयोजक र निरीक्षक वा निजले तोके बमोजिम हुनेछ ।

(घ) परीक्षा भवनको परिसरमा खटाइएका कर्मचारी, सुरक्षाकर्मी र परीक्षार्थी बाहेक अन्यलाई प्रवेश गर्न दिइनेछैन ।

## ९. उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन गर्ने :

(क) लिखित परीक्षाका उत्तर पुस्तिकाहरुमा पहिलो तथा दोश्रो संकेत राख्नुपर्नेछ ।

(ख) लिखित परीक्षाको उत्तरपुस्तिका सम्बन्धित विषयको दक्ष वा विशेषज्ञबाट गराउनुपर्नेछ । उत्तरपुस्तिका परीक्षणको लागि समितिले आवश्यकतानुसार परीक्षण सम्बन्धी निर्देशिका, परीक्षण गर्ने तरिका र मूल्यांकन गर्ने विधि समेत उपलब्ध गराउन सक्नेछ ।

(ग) उत्तरपुस्तिका प्राप्त भएपछि, दक्ष वा विशेषज्ञले समयमै त्यस्ता उत्तरपुस्तिका परीक्षण गरी गोप्य रुपमा समितिको संयोजक समक्ष पेश गर्नुपर्नेछ ।

(घ) दक्ष वा विशेषज्ञबाट परीक्षण भई प्राप्त उत्तरपुस्तिका रुजु गरी राख्नुपर्नेछ ।

(ङ) समितिले लिखित वा प्रयोगितात्मक परीक्षाको नतिजा प्रकाशन गर्दा रिक्त पदका अनुपातमा वर्णानुक्रम वा रोल नं. को आधारमा गर्नुपर्नेछ ।

## १०. लिखित, प्रयोगात्मक र अन्तरवार्ता सम्बन्धी व्यवस्था :

(घ)समितिले पदको प्रकृति र उम्मेदवारको संख्या र दफा ६ (छ) अनुसार संक्षिप्त कार्यसूचिमा रहेका उम्मेदवारहरुका बिचमा लिखित परीक्षा सञ्चालन गरी समितिको निर्णयानुसार

प्रयोगात्मक परीक्षा गरिने पदको हकमा माग पदको ४० प्रतिशत बढी उतीर्ण उम्मेदवारहरुको नामावली प्रकाशन गर्नेछ ।

(ङ) प्रयोगात्मक परीक्षा लिनुपर्ने पदको हकमा उपदफा (घ) बमोजिम लिखित परीक्षाबाट सफल उम्मेदवरहरुको प्रयोगात्मक परीक्षा सञ्चालन गरिनेछ । उक्त प्रयोगात्मक परीक्षामा उतीर्ण उम्मेदवारहरुमध्ये माथिल्लो बढी अंक प्राप्त गर्नेहरुमध्येबाट विज्ञापन भएको पदमा माग भएको संख्याको २० प्रतिशत थप उम्मेदवरको नामावली अन्तरवार्ताका लागि प्रकाशन गरिनेछ ।

(च) समितिले अन्तरवार्ताका लागि नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुमध्येबाट विषय विज्ञताको आधारमा अन्तरवार्ताका लागि मनोनयन गर्न सक्नेछ वा आवश्यकता अनुसार छुट्टै अन्तरवार्ता समिति गठन गरी कार्य जिम्मेवारी दिन सक्नेछ ।

(छ) अन्तरवार्ता लिंदा अन्तरवार्ता समितिका सदस्यले अनुसूची-२ को ढाँचामा अन्तरवार्ता मूल्यांकन फाराम प्रयोग गर्नुपर्नेछ ।

(ज) देहायको अवस्थामा अन्तरवार्ता समितिले निर्णय गरी छुट अन्तर्वार्ता लिन सक्नेछ ।

- काबु बाहिरको परिस्थिति परेमा
- किरिया बस्नु परेमा
- सुत्केरी भएमा

११. **योग्यताक्रमको आधारमा सिफारिस गरिने :** समितिले सबै चरणको परीक्षामा उम्मेदवारले प्राप्त गरेको कुल अंक जोडी हुन आउने नतिजाको आधारमा, योग्यताक्रम कायम गरी उम्मेदवार सिफारिस गर्नेछ र योग्यताक्रमका आधारमा समितिको निर्णय बमोजिम आवश्यकतानुसार वैकल्पिक उम्मेदवार कायम गरिनेछ ।

तर,

यस कार्यविधिको अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि दफा १० (घ) र (ङ) अनुसार संक्षिप्त कार्यसूचिमा परेका उम्मेदवारहरुको हकमा अन्तरवार्ताबाट मात्र नतिजा प्रकाशन गरिनेछ ।

## परिच्छेद - ४
## नियुक्ति तथा उजुरी सम्बन्धी व्यवस्था

१२. **उजुरी उपर कारवाही :**

(क) सिफारिस सम्बन्धमा कुनै उम्मेदवारलाई चित्त नबुझेको खण्डमा नगरपालिकाको कार्यालयमा रु. ३००/- को रसिद काटी, नतिजा प्रकाशन भएको मितिले सात दिन भित्रमा निवेदन पेश गर्न सक्नेछ ।

(ख) उजुरी उपर सिफारिस समितिले अध्ययन गरी अन्तिम निर्णय गर्नेछ ।

१३. **सेवा करार सम्बन्धी व्यवस्था :**

(क) नगरपालिकालाई आवश्यक पर्ने सेवा करारमा पदपूर्ती गरिने कर्मचारीको करार चालु आ.व.को असार मसान्त सम्मको हुनेछ ।

(ख) कार्यसम्पादन सन्तोषजनक भएको व्यहोरा प्रमुख प्रशासकीय अधिकृतले सिफारिस गरी कार्यपालिकाको निर्णय गरेमा करार अवधि थप गर्न सकिनेछ ।

(ग) यसरी सेवा करारमा कामकाज गर्ने कर्मचारीहरुको ठाउँमा वा सोही पदमा कामकाज गर्न नेपाल सरकार वा प्रदेश सरकारबाट स्थायी कर्मचारी खटिई आएको अवस्थामा त्यस्ता कर्मचारीसँगको सेवा करार स्वतः भंग भएको मानिनेछ ।

(घ) सेवा करारमा नियुक्त कर्मचारीको सेव सुविधा सेवा करार सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

(ङ)समितिले नगर प्रमुख समक्ष उम्मेदवारको छनौट गरी सिफारिश गर्नेछ ।

**१४.	समितिको छनौट तथा सिफारिश कार्य व्यवस्थापनका लागि बजेट व्यवस्था तथा लेखा परीक्षण :**

(क) समितिले निर्धारण गरे बमोजिम तोकिएको पदको दरखास्त दस्तुर रकम नगरपालिकाको मूल सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(ख) विज्ञापनको दरखास्त दस्तुर रकम निर्धारण तथा खर्च समितिको निर्णय अनुसार हुनेछ । समितिले लिखित, प्रयोगात्मक एवं अन्तरवार्ता परीक्षा सञ्चालन गर्दा सो को व्यवस्थापनमा हुन सक्ने खर्चलाई अनुमान गरी सामान्यतया उक्त संभावित खर्च भन्दा बढी नहुने कुरालाई ध्यानमा राखी खर्च गर्नु पर्नेछ ।

(ग) विज्ञापनको दरखास्त रकम नगर कार्यपालिकाको कार्यालयले प्रचलित लेखा प्रणाली अनुरुसार छुट्टै विज्ञापन खाता (छनौट तथा सिफारिश खाता) खोली संञ्चित कोषबाट दफा (क) अनुसार रकम विज्ञापन खातामा राखि खर्च लेख्ने तथा आन्तरिक र अन्तिम लेखा परीक्षण गर्नु गराउनु पर्नेछ ।

(घ) दफा (ख) अनुसार खर्च अपुग भएमा नगर कार्यपालिकाको चालु खाताको सम्बन्धित शिर्षकबाट खर्च गर्न सकिनेछ ।

**१५.	समिति, प्रश्न पत्र निर्माण कार्य एवं परीक्षा व्यवस्थापन कार्यमा खटिने जनशक्ति, अन्तरवार्ता समिति तथा समितिले छनौट तथा सिफारिश सम्बन्धि कार्यमा खटाउने अन्य जनशक्तिको सेवा सुविधा :**

(क) समितिको बैठक भत्ता (बैठकमा उपस्थित भएमा) रु. १०००।

(ख) प्रश्न पत्र निर्माण लगायत परीक्षाका अन्य काममा खटिने विज्ञ लगायतका कर्मचारीलाई देहाय बमोजिम सुविधा प्रदान गर्ने

- प्रश्न पत्र निर्माणमा प्रश्नपत्र प्रति सेट निर्माणका लागि लोक सेवा आयोगले तोकेको प्रचलित दर अनुसार,
- प्रश्नपत्र मोडरेशनका लागि प्रत्येक पदका लागि तयार गरिने प्रति प्रश्नसेटका लागि लोक सेवा आयोगले तोकेको प्रचलित दर अनुसार,
- प्रश्न पत्र परीक्षण गर्दा प्रत्येक उत्तर पुस्तिका परीक्षण वापत लोक सेवा आयोगले तोकेको प्रचलित दर अनुसार,
- अन्तरवार्ता समितिलाई प्रति सिफ्ट प्रति सदस्य रु. १०००। भत्ता उपलब्ध गराउने,

(ग) समितिले काममा खटाउने कर्मचारीको सुविधा सम्बन्धमा

- समितिको प्रशासनिक काममा खटिने कर्मचारीकालागि अतिरिक्त समय काम गरेवापत प्रतिदिन १ दिनको तलब वरावर अतिरिक्त भत्ता उपलब्ध गराउने ।
- लिखित परीक्षामा खटिने केन्द्राध्यक्ष, गार्ड तथा अनुगमन मूल्यांकनमा खटिने पदाधिकारी एवं कर्मचारीका लागि लोकसेवा आयोगले तोकेको प्रचलित दर अनुसार सेवा सुविधा प्रदान गर्ने ।

१६.	छनौट समितिबाट मिति २०७४ फागुन १३ गते प्रकासित सूचना अनुसार विज्ञापन गर्ने पद, परीक्षाको किसिम तथा आवश्यक न्यूतनम् शैक्षिक योग्यता लगायतका विषयहरु अनुसूचि ६ बमोजिम वा समितिको निर्णयानुसार नै हुनेछ ।

१७.	यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै कार्यविधि अनुसार हुनेछ तथा संघीय कानुन, प्रदेश कानुन र धनगढीमाई नगरपालिकाको स्थानीय कानुनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

समाप्त

## अनुसुची - १

धनगढीमाई नगरपालिका

| कार्यालय प्रयोजनको लागि |
|---|
| परीक्षार्थीको कोड नं : (रोल नं/विज्ञापन नं/आर्थिक वर्ष) ......................./....... / ......... |

उम्मेदवारहरुले अनिवार्य रुपमा आफैले निम्न विवरणहरु स्पष्ट बुझिनेगरी उल्लेख गर्नु होला । सम्बन्धित विकल्पको क्रमसंख्यामा गोलो (O) चिन्ह लगाउनुहोस् ।

१. उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरण

| क | पद : | विज्ञापन नं : | खुला/समावेशी समूह |
|---|---|---|---|
| ख | राजपत्रांकित श्रेणी : १.प्रथम २.द्वितीय ३.तृतीय | ........................ | ........................ |
| श्रेणी / तह | राजपत्र अनंकित श्रेणी : १.प्रथम २.द्वितीय ३.तृतीय ४. चतुर्थ ५.पाँचौ/श्रेणीविहिन | ........................ | ........................ |
| | | ........................ | ........................ |
| | तह : १. प्रथम २.दोश्रो ३. तेस्रो ४. चौथो ५. पाँचौ ६.छैटौ. ७.सातौ ८.आठौं ९.नवौं १०.दशौं ११.एघारौं | ........................ | ........................ |
| | | ........................ | ........................ |

२. उम्मेदवारको व्यक्तिगत विवरण

| | | | |
|---|---|---|---|
| क | उम्मेदवारको | नेपालको राष्ट्रिय परिचय वा नागरिकता नं : नाम, थर : (पहिलो नाम) (बीचको ) (अन्तिम अर्थात् थर) | |
| ख | जात (लेख्नुहोस्) | ........................ | |
| ग | जन्म स्थान र स्थायी ठेगाना | जन्म स्थान : जिल्ला ........................ | १. गा.वि.स. वा २.न.पा. |
| | | स्थायी ठेगाना : जिल्ला ........................ | १. गा.वि.स. वा २.न.पा. |
| घ | दरखास्त दिने अन्तिम मितिमा पुग्ने उमेर : ........................ | | |
| ङ | लिङ्ग | १.पुरुष २.महिला | |
| च | धर्म | १. हिन्दु २. बौद्ध ३.इस्लाम ४.ईसाई ५. अन्य(उल्लेख गर्ने)........................ | |
| छ | वैवाहिक स्थितिः | १. विवाहित २.अविवाहित ३.बिधुवा/बिधुर ४. अलग भई बसेको | |
| ज | तपाई आफूलाई के भन्न रुचाउनु हुन्छ ? १. हिमाली २. पहाडी ३.तराई ४. पिछडिएको क्षेत्र ५. अन्य(उल्लेख गर्ने)........................ | | |
| झ | तपाई आफूलाई कुन समूह/वर्गमा राख्नु हुन्छ ? १. आदिवासी/जनजाति २.दलित ३. बैश्य ४. क्षेत्री ५.ब्राह्मण ६.मधेसी ७.मुसलमान ८.अन्य भए(उल्लेख गर्ने)................ | | |
| ञ | उम्मेदवारको रोजगारीको अवस्था : | १. बेरोजगार २. सरकारी सेवा ३. अन्य पेशा (उल्लेख गर्ने)................ | |
| ट | मातृभाषाः (लेख्नुहोस्) | ........................ | |
| ठ | शारीरिक रुपमा अशक्त हुनु हुन्छ ? १.छ २. छैन<br>यदि हुनुहुन्छ भने कस्तो प्रकारको शारीरिक अशक्तता हो खुलाउनुहोला ........................ | | |
| ड | शैक्षिक संकायः (कुनै एकमा मात्र चिन्ह लगाउनु होला) | १. मानविकी २. कानून ३.व्यवस्थापन ४.शिक्षा ५.विज्ञान ६.इन्जिनियरिङ्ग ७.चिकित्सा ८.कृषि ९.वन १०.संस्कृत ११.अन्य कुनै भए (उल्लेख गर्ने) ........................ | |
| | आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशत : ........................ | | |
| | आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताः | १.छ, तह उल्लेख गर्ने........................ २. छैन | |
| ढ | तपाईले अध्ययन गरेको शिक्षण संस्था कस्तो प्रकारको हो ? | | |
| | SLC, O-Level, A-Level वा + 2 पढेको विद्यालय : | १. सामुदायिक (सरकारी) २.संस्थागत निजी ३.विदेशी | |
| | विश्वविद्यालय : | १. सामुदायिक (सरकारी) २.संस्थागत निजी ३.विदेशी | |
| | विश्वविद्यालयको नाम लेख्नुहोस् | ........................ | |
| ण | शैक्षिक अवस्था | आमा | १. निरक्षर २.साक्षर ३.एस.एल.सी.सम्म ४.उच्च शिक्षा |
| | | बाबु | १. निरक्षर २.साक्षर ३.एस.एल.सी.सम्म ४.उच्च शिक्षा |
| | आमा/बाबुको मुख्य पेशा (कुनै एक) | १. कृषि २. व्यापार/व्यवसाय ३. शिक्षण(निजी/सरकारी) ४.गैह्र सरकारी ५.सरकारी सेवा ६.अन्य भए (उल्लेख गर्ने)........................ | |

माथि उल्लेखित विवरणहरु ठीक छन् ।

उम्मेदवारको दस्तखत

## उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।
२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन ।
३. लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ ।
४. परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ । वस्तुगत परीक्षा शुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा शुरु भएको आधा घण्टा पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षा सँगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा वस्न पाउने छैन ।
५. परीक्षा हलमा प्रवेश गर्न पाउने समय अवधि (बुँदा नं. ४ मा उल्लेख गरिएको) बितेको १० मिनेट पछाडि मात्र उम्मेदवारलाई परीक्षा हल बाहिर जाने अनुमति दिइने छ ।
६. परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्नु हुँदैन । उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन ।
७. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारबाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ ।
८. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा आयोग जवाफदेही हुने छैन ।
९. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ ।
१०. आयोगले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ ।
११. उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्न पत्रको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्ने छ । नलेखेमा उत्तरपुस्तिका स्वतः रद्द हुनेछ ।
१२. ल्याकत (आई.क्यू.) परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछैन ।
१३. कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई बाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ ।
१४. नि.से.ऐन, २०४९ को दफा ७ (७) अनुसार क) महिला ख) आदिवासी/जनजाति ग) मधेसी घ) दलित ङ) अपाङ्ग च) पिछडिएको क्षेत्रका दरखास्त बुझाएको भए कुन कुन समूहमा परीक्षामा सम्मिलित हुन दरखास्त फाराम बुझाएको हो सो व्यहोरा उत्तर पुस्तिकामा पनि उल्लेख गर्नु पर्नेछ ।

धनगढीमाई नगरपालिका

## प्रवेशपत्र

हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

### परीक्षार्थीले भर्ने:–

| | |
|---|---|
| क) विज्ञापन नं. :- | खुला/समावेशी समूह |
| ........................ | ........................ |
| ........................ | ........................ |
| ........................ | ........................ |
| ........................ | ........................ |
| ........................ | ........................ |
| ख) पद/श्रेणी :- | ग) परीक्षा केन्द्र :- |
| घ) ऐच्छिक प्राज्ञिक बिषय :-<br>ङ) थप पत्र/बिषय :- | च) न्यूनतम शैक्षिक योग्यताको मूल बिषय :- |
| छ) उम्मेदवारको | नाम, थर :-<br>दस्तखत :- |

कर्मचारीले भर्ने :–

यस आयोगबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

परीक्षा केन्द्र :– रोल नम्बर :–

छुट्टाछुट्टै शैक्षिक योग्यता तोकिएका सेवा/ समूह/उपसमूह को हकमा संभाव्य उम्मेदवार हुन सक्ने सेवा/समूह/उपसमूहहरु ........................

न्याय/परराष्ट्र/लेखापरीक्षण/संसद/
सामान्य प्रशासन/राजस्व/लेखा

........................
(अधिकृतको दस्तखत)

द्रष्टव्य :– कृपया उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु हेर्नु होला ।

---

## उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।
२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन ।
३. लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ ।
४. परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ । वस्तुगत परीक्षा शुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा शुरु भएको आधा घण्टा पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षा सँगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा वस्न पाउने छैन ।
५. परीक्षा हलमा प्रवेश गर्न पाउने समय अवधि (बुँदा नं. ४ मा उल्लेख गरिएको) बितेको १० मिनेट पछाडि मात्र उम्मेदवारलाई परीक्षा हल बाहिर जाने अनुमति दिइने छ ।
६. परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्नु हुँदैन । उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन ।
७. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारबाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ ।
८. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा आयोग जवाफदेही हुने छैन ।
९. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ ।
१०. आयोगले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ ।
११. उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्न पत्रको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्ने छ । नलेखेमा उत्तरपुस्तिका स्वतः रद्द हुनेछ ।
१२. ल्याकत (आई.क्यू.) परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछैन ।
१३. कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई बाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ ।
१४. नि.से.ऐन, २०४९ को दफा ७ (७) अनुसार क) महिला ख) आदिवासी/जनजाति ग) मधेसी घ) दलित ङ) अपाङ्ग च) पिछडिएको क्षेत्रका दरखास्त बुझाएको भए कुन कुन समूहमा परीक्षामा सम्मिलित हुन दरखास्त फाराम बुझाएको हो सो व्यहोरा उत्तर पुस्तिकामा पनि उल्लेख गर्नु पर्नेछ ।

धनगढीमाई नगरपालिका

## प्रवेशपत्र

हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

### परीक्षार्थीले भर्ने:–

| | |
|---|---|
| क) विज्ञापन नं. :- | खुला/समावेशी समूह |
| ........................ | ........................ |
| ........................ | ........................ |
| ........................ | ........................ |
| ........................ | ........................ |
| ........................ | ........................ |
| ख) पद/श्रेणी :- | ग) परीक्षा केन्द्र :- |
| घ) ऐच्छिक प्राज्ञिक बिषय :-<br>ङ) थप पत्र/बिषय :- | च) न्यूनतम शैक्षिक योग्यताको मूल बिषय :- |
| छ) उम्मेदवारको | नाम, थर :-<br>दस्तखत :- |

कर्मचारीले भर्ने :–

यस आयोगबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

परीक्षा केन्द्र :– रोल नम्बर :–

छुट्टाछुट्टै शैक्षिक योग्यता तोकिएका सेवा/ समूह/उपसमूह को हकमा संभाव्य उम्मेदवार हुन सक्ने सेवा/समूह/उपसमूहहरु ........................

न्याय/परराष्ट्र/लेखापरीक्षण/संसद/
सामान्य प्रशासन/राजस्व/लेखा

........................
(अधिकृतको दस्तखत)

द्रष्टव्य :– कृपया उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु हेर्नु होला ।

धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगाढी,सिरहा
२ न. प्रदेश,नेपाल

| |
|---|
| **कार्यालय प्रयोजनको लागि** |
| **परीक्षार्थीको संकेत नं. :** |
| **रोल नं./विज्ञापन नं./आर्थिक वर्ष** |
| ................./....../................ |

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साइजको पूरै मुखाकृति देखिने फोटो टाँसी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने । |

## दरखास्त फाराम
## (एकीकृत परीक्षा प्रणाली अन्तर्गतको परीक्षाका लागि)

**(क) उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरण**

| | | | | |
|---|---|---|---|---|
| १. विज्ञापन नं. : | २. खुला/ समावेशी : | ३. पद : | ४. श्रेणी/तह : | ५. परीक्षा केन्द्र : |
| ६.छुट्टाछुट्टै शैक्षिक योग्यता भएका सेवा/ समूह/उपसमूह को हकमा संभाव्य उम्मेदवार हुन सक्ने सेवा/ समूह/उपसमूहमा चिन्ह (O) लगाउनुहोस् । | क) नेपाल न्याय सेवा<br>अ) न्याय आ) कानून इ) सरकारी वकिल<br>ख) नेपाल परराष्ट्र सेवा<br>ग) नेपाल व्यवस्थापिका-संसद सेवा | | घ) नेपाल प्रशासन सेवा<br>अ) सामान्य प्रशासन आ) राजश्व इ) लेखा<br>ङ) नेपाल लेखापरीक्षण सेवा | |
| ७. ऐनद्वारा तोकिएको समावेशी समूहका उम्मेदवारहरु बीच मात्र प्रतिस्पर्धा गराउन भनी छुट्याईका पदहरुको पदपूर्तिका लागि भएको विज्ञापनमा दरखास्त दिनु भएका भए समूह चिन्ह (O) लगाउनुहोस् । | | | क) महिला ख) आदिवासी/जनजाति<br>ग) मधेसी घ) दलित<br>ङ) अपाङ्ग च) पिछडिएको क्षेत्र | |
| ८. ऐच्छिक प्राज्ञिक बिषय : ..........................<br>(पाठ्यक्रममा ऐच्छिक प्राज्ञिक बिषय तोकिएको पदको हकमा परीक्षा दिन चाहेको एक ऐच्छिक प्राज्ञिक बिषय मात्र उल्लेख गर्नुहोला । ) | | ९. थप पत्र/बिषय : ..........................<br>(पाठ्यक्रममा कुनै सेवा/समूह/उपसमूहको लागि थप पत्र/विषय तोकिएको भए सो सेवा/समूह/उपसमूहमा परीक्षा दिने भए सो बिषय उल्लेख गर्ने ।) | | |

**(ख) उम्मेदवारको वैयक्तिक विवरण:**

| | | | | |
|---|---|---|---|---|
| उम्मेदवारको | नाम,थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग : |
| | नागरिकता नं. : | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला : | ख) गा.वि.स.: | | ग) वडा नं : |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | | च) फोन नं.: |
| पत्राचार गर्ने ठेगाना : | | | | ई-मेल : |
| बाबुको नाम, थर : | | आमाको नाम, थर : | | |
| बाजेको नाम, थर : | | पति/पत्नीको नाम, थर : | | |
| जन्म मिति | (वि.सं.मा) : | (ईस्वी सन्मा): | | हालको उमेर: |

**(ग) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)**

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल/ऐच्छिक विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

**(घ) अनुभव सम्बन्धी विवरण ( दरखास्त फाराम भरेको पदको विज्ञापनको लागि अनुभव तथा बिदाको विवरण आवश्यक भएमा मात्र उल्लेख गर्ने)**

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

असाधारण बिदा लिएको भए अवधि : .................................... देखि .................................... सम्म ।

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालन गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालन गर्न मञ्जुर गर्दछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | | |
|---|---|---|---|
| दायाँ | बायाँ | ..........................<br>उम्मेदवारको दस्तखत<br>मिति : | उम्मेदवारले माथि उल्लेख गरेका अनुभवको विवरणहरु ठीक छ भनी प्रमाणित गर्ने विभागीय प्रमुख/कार्यालय प्रमुखको<br>दस्तखत :<br>नाम, थर :<br>पद/दर्जा :<br>मिति : कार्यालयको छाप |

**कर्मचारीले भर्ने**

| | | |
|---|---|---|
| रसिद/भौचर नं. : | रोल नं. : | छुट्टाछुट्टै शैक्षिक योग्यता भएका सेवा/ समूह/उपसमूह को हकमा संभाव्य उम्मेदवार हुन सक्ने सेवा/ समूह/उपसमूह खुलाउने । |
| दरखास्त अस्वीकृत भए सोको कारण: | | न्याय/परराष्ट्र/लेखापरीषण/संसद/सामान्य प्रशासन/राजस्व/लेखा |
| दरखास्त रुजु गर्नेको दस्तखत:<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : | |

**द्रष्टव्य:** दरखास्तसाथ विज्ञापनमा उल्लिखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्वद्धता आवश्यक पर्नेमा सोको प्रतिलिपि,

(३) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि),

(४) नि.से.ऐन, २०४९ दफा ७ (७) मा महिला, आदिवासी/जनजाति, मधेसी र दलित उम्मेदवारहरुको लागि भएको विज्ञापनमा फाराम बुझाउन चाहने उम्मेदवारहरुले आर्थिक र सामाजिक रुपमा पछाडि परेको महिला, आदिवासी/जनजाति, मधेसी र दलित हो भन्ने प्रमाण र आपाङ्ग र पिछडिएको क्षेत्रको विज्ञापनमा फाराम बुझाउनेले सो सम्वन्धी प्रमाणको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(५) सेवा सम्बन्धी ऐन/नियमावलीमा तोकिएको भए सम्बन्धित व्यवसायिक परिषदमा नाम दर्ता भएको प्रमाणको प्रतिलिपि ।

अनुसूची - २

अन्तरवार्ता मूल्यांकन फाराम

विज्ञापन नं. :
पद :
श्रेणी/तह :
पद संख्या :
उम्मेदवार संख्या : सम्बन्धित कार्यालय :
अन्तर्वार्ता मिति :

| **क.सं.** | **रोल नं.** | **उम्मेदवारको नाम, थर** | **सामान्य ज्ञान सम्बन्धी ज्ञान र व्यक्तित्व** | | **कैफियत** |
|---|---|---|---|---|---|
| | | | **अङ्कमा** | **अक्षरमा** | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

माथि उल्लिखित विज्ञापनमा सहभागी कुनै पनि उम्मेदवार मेरो पति, छोरी-पत्नी तथा छोरा, दाजु, बहिनी-दिदी, भाई-भतिजा, सानीआमा-सानोबा, ठूलीआमा-ठुलोबुबा, काकी-काका, नन्द, आमाजु, देउरानी, जेठानी, देवर, जेठाजु, बुहारी-भाउजु साली र तीनका छोराछोरी नाता पर्दैन । साला, फुपाज्यू - फुपु, माईज्यू - मामा, भिनाजु ज्वाई, भाञ्जी-भाञ्जा, भतिजीसमेत नाता पर्दैन भनी स्वघोषणा गर्दछु ।

अन्तर्वार्ता समितिको
संयोजकसदस्यको
दस्तखत :
नाम,थर :
पद :
मिति :

**द्रष्टव्य :**

१) अन्तर्वार्ता लिइन लागेको पदको विज्ञापनमा अन्तर्वाता समतिका अध्यक्ष तथा सदस्यहरुका माथि उल्लिखित विज्ञापनमा सहभागी कुनै नाता पर्ने भएमा त्यतो अन्तर्वाताकर्ताले उक्त समूहको सो दिनको अन्तर्वातामा भाग लिनुहुदैन ।
२) अन्तर्वातामा अधिकतम ७०%, भन्दा बढी र न्यूनतम ४०% भन्दा कम अङ्क पुष्ट्याई दिनुपर्नेछ ।

## अनुसूची - ३
## अन्तरवार्ता गर्दा अन्तरवार्ताकारले ध्यान दिनु पर्नेकुराहरु

१) पदको कार्यविवरण

- यस अन्तर्गत सर्वप्रथम काम तथा पदको कार्यविवरण हुनुपर्नेछ ।

२) दरखास्त विवरण अध्ययन

- दरखास्त विवरण अध्ययन गरी उम्मेदवारको शैक्षिक उपलब्धि अभिरुचि आदि उल्लिखित बायोडाटालाआई, अनुभव, अध्ययन दिनुपर्नेछ ।

३) (क) सेवा समूह सम्बन्धी ज्ञान

- उम्मेदवारको सेवा अनुभव सम्बन्धित क्षेत्रको अधययन, समूह सम्बन्धी कामको ज्ञान, एवम् प्रकाशित कृति तालिम, निजले कुनै पदमा रही काम गरी सकेको भए त्यस बारे निजको, आदि कुराहरु पदका लागि कति उपयोगी छन् आदि कुरालाई ध्यान दिनुपर्नेछ । सम्बन्धित क्षेत्रको ज्ञान कतिको छ र हालको पदसँग निजले प्राप्त गरेको ज्ञानको कतिको सम्बन्ध छ सो मा ध्यान दिनुपर्नेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय

(ख) विषय सम्बन्धी ज्ञान

- देशको सामाजिक राजनीतिक र अन्तराष्ट्रिय विषय सम्बन्धी जानकारी लिनुपर्नेछ ।

(ग) आर्थिक, कामको अनुभव

यस सन्दर्भमा विज्ञापित पदसँग सम्बन्धित काममा कुन तहमा कति वर्ष रही अनुभव प्राप्त गरेको छ ।

(घ) पदको रुचि (Aptitude)

- सम्बन्धित पद सम्बन्धी शिक्षा प्राप्त गरे तापनि त्यस पदका निम्ति व्यक्तित्व र वास्तविक अभिरुचि छ कि छैन, सोबारे ध्यान दिनुपर्नेछ ।

४) अतिरिक्त क्रियाकलाप

- सामाजिक खेलकुद, व्यावसायिक, पारिवारिक, सोख, मनोरञ्जन आदि क्रियाकलापमा कस्तो प्रकारको संलग्नता छ आदि कुरामा जानकारी लिने ।

५) व्यक्तित्व परीक्षण :यस परीक्षणबाट उम्मेदवारको गुण अवगुण केलाउन सकिन्छ जसका आधार मूख्य दुई प्रकारका छन् ।

क) संगठनात्मक व्यवहार प्रदर्शन

- यस अन्तर्गत उम्मेदवारको अभिव्यक्ति मनोवृत्ति, महत्वाकांक्षा, वौद्धिक स्थिति, शक्ति-चिन्तन, अभिरुचि, सहयोगी भावना आदि विषयहरु संगठित देखिएमा एकगुणी उम्मेदवारको रुपमा मूल्यांकन गर्न सकिन्छ ।

ख) असंगठनात्मक व्यवहार प्रदर्शन

ग) अस्पष्ट बोल्ने, असन्तुष्टि, अपरिपक्वता, हडबडाउने, भकभकाउने, अस्वस्थता असामाजिकता आदि व्यवहारबाट उम्मेदवारलाई अवगुणी एवम् असन्तुलित व्यक्तित्वको रुपमा चिनिन्छ ।

**अनुसूची - ४**
**दफा ६ (ग) सँग सम्बन्धित**
**अन्य पदका उम्मेदवारका लागि दिइने अंकभार फारामको ढाँचा**

**(क)संक्षिप्त कार्यसूचि अंकभार**

| क.सं. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| **१.** | **शैक्षिक योग्यता (सूचना अनुसारको न्यूनतम शैक्षिक योग्यताको आधारमा)** | **२०** |
| **१.१.** | **अंक अंकित स्तर निधारण पद्धति भएका विश्व विद्यालयको हकमा** | |
| १.१.१ | ८० प्रतिशत वा सो भन्दा माथि प्राप्ताङ्क भएको वा सम्बन्धित विषयमा तोकिएभन्दा माथिल्लो शैक्षिक उपाधि भएको । | २० |
| १.१.२ | ६५ प्रतिशत देखि ७९.९९ प्रतिशत सम्म प्राप्ताङ्क भएको | १६ |
| १.१.३ | ५५ प्रतिशत देखि ६४.९९ प्रतिशत सम्म प्राप्ताङ्क भएको | १० |
| १.१.४ | ५५ प्रतिशत भन्दा कम प्राप्ताङ्क भएको | ६ |
| **१.२** | **अक्षर अंकित स्तर निर्धारण पद्धति (Letter grading System) भएका विश्व विद्यालयका हकमा** | |
| १.२.१ | Cumulative Grading Point Average (३.५ देखि ४ सम्म) वा सम्बन्धित विषयमा तोकिए भन्दा माथिल्लो शैक्षक उपाधि भएको । | २० |
| १.२.२ | cumulative Grading Point Average (३ देखि ३.५ भन्दा कम) | १६ |
| १.२.३ | cumulative Grading Point Average (२.५ देखि ३ भन्दा कम) | १० |
| १.२.४ | अन्य | ६ |
| २ | **कार्य अनुभव (सूचना अनुसारको न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात्)** | **१०** |
| २.१ | २ वर्ष वा सो भन्दा माथि सरकारी निकायमा काम गरेकोमा | १० |
| २.२. | १ वर्ष भन्दा माथि सरकारी निकायमा काम गरेकोमा | ८ |
| २.३ | १ वर्ष सम्म सरकारी निकायमा काम गरेकोमा | ६ |
| २.४ | कार्य अनुभव नभएको | ४ |
| **३.** | **उम्मेदवारको स्थायी ठेगाना सम्बन्धी** | **३०** |
| ३.१. | स्थायी ठेगाना सम्बन्धित स्थानीय तहमा भएमा | ३० |
| ३.२ | स्थायी ठेगाना सम्बन्धित तहको जिल्लामा भएमा | १० |
| ३.३ | स्थायी ठेगाना सम्बन्धित तहको प्रदेशमा भएमा | ६ |
| ३.४ | अन्य | ४ |
| | **जम्मा** | **६०** |

**संक्षिप्त कार्यसूचि प्रकाशन गर्दा कम्तीमा ३० अंक प्राप्त गरेको हुनुपर्नेछ ।**

**(ख) लिखित परीक्षा :**

| क.सं. | परीक्षाको किसिम | **पूर्णाङ्क** |
|---|---|---|
| १. | वस्तुगपत प्रश्नोत्तर | २० |
| २. | विषयगत | १० |

सम्बन्धित पदको पाठ्यक्रम समितिले तोके अनुसार हुनेछ ।

**(ग) अन्तरवार्ता**

| क.सं. | परीक्षाको किसिम | **पूर्णाङ्क** |
|---|---|---|
| १. | अन्तरवार्ता | **१०** |

अन्तरवार्ताको मूल्यांकन अनुसूचि २ अनुसार हुनेछ ।

अनुसूची - ५
दफा ६ (घ) सँग सम्बन्धित

**सेवा करार प्रकृतिका पदका उम्मेदवारका लागि दिइने अंकभार फारामको ढाँचा**

| **क्र.सं.** | **सूचकहरु** | **पूर्णाङ्क** |
|---|---|---|
| **१.** | **शैक्षिक योग्यता** | **२०** |
| १.१ | तोकिएको पदको न्यूनतम शैक्षिक योग्यता बापत | १६ |
| १.२ | सो भन्दा माथिल्लो शैक्षिक योग्यताका लागि | ४ |
| **२** | **कार्य अनुभव** | **१०** |
| २.१ | २ वर्ष वा सो भन्दा माथि सरकारी निकायमा काम गरेकोमा | १० |
| २.२ | १ वर्ष भन्दा माथि माथि सरकारी निकायमा काम गरेकोमा | ८ |
| २.३ | १ वर्ष सम्म सरकारी निकायमा काम गरेकोमा | ६ |
| २.४ | कार्य अनुभव नभएको | ४ |
| **३** | **उम्मेदवारको स्थायी ठेगाना सम्बन्धी** | **३०** |
| ३.१ | स्थायी ठेगाना सम्बन्धित स्थानीय तहमा भएमा | ३० |
| ३.२ | स्थायी ठेगाना सम्बन्धित तहको जिल्लामा भएमा | १० |
| ३.३ | स्थायी ठेगाना सम्बन्धित तहको प्रदेशमा भएमा | ६ |
| ३.४ | अन्य | ४ |
| | **जम्मा** | **६०** |

**संक्षिप्त कार्यसूचि प्रकाशन गर्दा कम्तीमा ३० अंक प्राप्त गरेको हुनुपर्नेछ।**

**(ख) प्रयोगात्मक तथा अन्तरवार्ता परीक्षा :** भारी र हलुका सवारी चालकका लागि मात्र

| क्र.सं. | परीक्षाको किसिम | **पूर्णाङ्क** |
|---|---|---|
| १. | प्रयोगात्मक | ३० |
| २. | अन्तरवार्ता | १० |

**(ग) अन्तरवार्ता : नगर प्रहरी र कार्यालय सहयोगी, पाले, माली, स्वीपर पदका लागि**

| क्र.सं. | परीक्षाको किसिम | **पूर्णाङ्क** |
|---|---|---|
| १. | अन्तरवार्ता | **१०** |

अन्तरवार्ताको मूल्यांकन अनुसूचि २ अनुसार हुनेछ।

अनुसूची - ६
दफा५(क)सँग सम्बन्धित

**स्वास्थ्य सेवा, नगर प्रहरी तथा श्रेणी विहिन पदहरुको**
**प्रतियोगितात्मक परीक्षाको विज्ञापन**
**सूचना नं. २/०७४-७५**

धनगढीमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनगढी, सिरहाको विभिन्न पदहरुमा सेवा करार गरी नियुक्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमका पदहरुका लागि नेपाली नागरिकहरुमध्ये योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ।

**१. नगर कार्यपालिकाको कार्यालय तर्फ सेवा करारमा नियुक्ति गर्ने पदहरु :**

**(क) नगर प्रहरी**

| क्र.सं. | विज्ञापन नं. | समावेशी समूह | पद संख्या |
|---|---|---|---|
| १. | २/०७४-७५ | खुला | ८ |
| २. | ३/०७४-७५ | महिला | २ |
| **जम्मा** | | | **१०** |

**(ख) इलेक्ट्रीसियन,कार्यालय सहयोगी, सवारी चालक, पाले /चौकीदार,माली र स्वीपर**

| क्र.सं. | विज्ञापन नं. | पदको किसिम | पद संख्या |
|---|---|---|---|
| ३. | ४/०७४-७५ | इलेक्ट्रीसियन | १ |
| ४. | ५/०७४-७५ | हेभी/ हलुका सवारी चालक | २ (१ हेभी तथा १ हलुका सवारी चालक) |
| ५. | ६/०७४-७५ | कार्यालय सहयोगी | ५ |
| ६. | ७/०७४-७५ | पाले /चौकीदार | २ |
| ७. | ८/०७४-७५ | माली | १ |
| ८. | ९/०७४-७५ | स्वीपर | २ |
| **जम्मा** | | | **१३** |

**२. नगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य चौकीहरुका लागि सेवा करारमा नियुक्ति गर्ने पदहरु :**

**(क) अहेव, अनमी, ल्याब टेक्निसियन,कार्यालय सहयोगी,माली र पाले**

| क्र.सं. | विज्ञापन नं. | पदको किसिम | पद संख्या |
|---|---|---|---|
| ९. | १०/०७४-७५ | अहेव | १ |
| १०. | ११/०७४-७५ | अनमी | ४ |
| ११. | १२/०७४-७५ | ल्याब टेक्निसियन | २ |
| १२. | १३/०७४-७५ | कार्यालय सहयोगी | ५ |
| १३. | १४/०७४-७५ | माली | १ |
| १४. | १५/०७४-७५ | पाले | १ |
| **जम्मा पद** | | | **१४** |
| **कूल जम्मा पद** | | | **३७** |

**३. परीक्षाको किसिम**

विज्ञापन नं. २/०७४-७५ र ३/०७४-७५ को हकमा : शारीरिक तन्दरुस्ती, स्वास्थ्य परीक्षण र अन्तरवार्ता
विज्ञापन नं. ४/०७४-७५ : प्रयोगात्मक र अन्तरवार्ता
विज्ञापन नं. ५/०७४-७५ : प्रयोगात्मक र अन्तरवार्ता
विज्ञापन नं. ६/०७४-७५ देखि ९/०७४-७५ सम्म : अन्तरवार्ता
विज्ञापन नं. १०/०७४-७५ देखि १४/०७४-७५ सम्म : अन्तरवार्ता

**४. परीक्षा केन्द्र :** धनगढीमाई नगर कार्यपालिकाको कार्यालय, धनगढी सिरहा

**५. दरखास्त दस्तुर :**

विज्ञापन नं. २/०७४-७५ र ३/०७४-७५ को हकमा : रु २००।(दुई सय)
विज्ञापन नं. ४/०७४-७५ : रु. ४००।(चार सय मात्र)
विज्ञापन नं. ५/०७४-७५ : रु. ३००।
विज्ञापन नं. ६/०७४-७५ देखि ९/०७४-७५, १३/०७४-७५ र १४/०७४-७५ : रु. २००।
विज्ञापन नं. १०/०७४-७५ देखि १२/०७४-७५ सम्म : रु. ५००।

६. **दरखास्त दस्तुर बुझाउने स्थान :** नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा वा कार्यालयको रा.वा. बैंक, लहानमा रहेको सञ्चित कोष खाता नं. ................................

**७. दरखास्त दस्तुर बुझाउने अवधि : १५ दिन**

**८. दरखास्तको माध्यम :** सिधै कार्यालयमा व्यक्ति स्वयं उपस्थित भई दरखास्त दिनुपर्नेछ ।

**९. दरखास्तदिने अन्तिम मिति : २०७४ फागुन २७ गतेसम्म**

**१०. उम्मेदवारको उमेरको हद :**

**(क)** विज्ञापन नं. २/०७४-७५ र ३/०७४-७५ को हकमा : १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको

**(ख) बाँकी सबै विज्ञापनका पदहरुको हकमा :** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेका (महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको)

**११.परीक्षा कार्याक्रम :** दरखास्त दिने अन्तिम दिनको भोलीपल्ट जानकारी गराइनेछ ।

**१२. पदमा रही गर्नुपर्ने कामको विवरण : पदको प्रकृति अनुसार कार्यालयले तोके बमोजिम ।**

**१३. तलब सुविधा : सेवा करार सम्झौतामा आपसी सहमतीमा सम्झौता भए बमोजिम ।**

**१४. सेवा गनुपर्ने निकाय : कार्यालय वा कार्यालय अन्तरगतका वडा कार्यालयहरु र विभिन्न स्वास्थ्य चौकीहरु**

**१५. आवश्यक न्यूनतम् योग्यता :**

(क) विज्ञापन नं. २/०७४-७५ र ३/०७४-७५ को हकमा :

- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमाSEE वा SLCवा सो सरह उतीर्ण गरेको ।
- आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको
- पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट र तौल ४२ के.जि. भएको
- नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको
  भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

(ख) विज्ञापन नं. ४/०७४-७५ :

- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमाSEE वा SLCवा सो सरह उतीर्ण गरी मान्यता प्राप्त संस्थाबाट इलेक्ट्रीसियन सम्बन्धी आधारभूत तालिम प्राप्त गरी प्रमाण पत्र हासिल गरेको ।

(ग) विज्ञापन नं. ५/०७४-७५ :

- हेभि र हलुका सवारी चालक अनुमती पत्र (लाईसेन्स) प्राप्त गरेको ।

(घ) विज्ञापन नं. ६ र १३/०७४-७५

- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमाSEE वा SLCवा सो सरह उतीर्ण गरेको ।

(ङ) विज्ञापन नं. ७, ८, ९ र १४/०७४-७५

- साधारण लेखपढ गर्न जानेको ।

(च) विज्ञापन नं. १०/०७४-७५ ( हे.अ./अहेव )

- यस पदका लागि लोक सेवा आयोगले निर्धारण गरे अनुसारको शैक्षिक योग्यता भएको हुनुपर्नेछ ।

(छ) विज्ञापन नं. ११/०७४-७५ (स्टाफ नर्स/अनमी)

- यस पदका लागि लोक सेवा आयोगले निर्धारण गरे अनुसारको शैक्षिक योग्यता भएको हुनुपर्नेछ ।

(ज) विज्ञापन नं. १२/०७४-७५

- यस पदका लागि लोक सेवा आयोगले निर्धारण गरे अनुसारको शैक्षिक योग्यता भएको हुनुपर्नेछ ।

१६. छनौट तथा सिफारिश समितिले उम्मेदवारको शैक्षिक योग्यता, स्थानीयता तथा कार्य अनुभवको अंक गणना गरी उम्मेदवारको संक्षिप्त सूचि तयार गरी अन्तरवार्ताको लागि अन्तिम नामावली प्रकाशन गर्नेछ ।
तर नगर प्रहरीको हकमा नं. १५ क.अनुसारको योग्यतालाई समेत आधार लिइनेछ ।